# NEPAL AMERICA JOURNALISTS' ASSOCIATION
# NEAJA, USA
## ESTD. 2007


**EXECUTIVE COMMITTEE**

**PRESIDENT**
Bikash Raj Neupane

**IMMEDIATE PAST PRESIDENT**
Sudip Panta

**VICE-PRESIDENT**
Machchhe Devi Gurung

**GENERAL SECRETARY**
Suraj Bhandari

**SECRETARY**
Kalpana Ghimire

**TREASURER**
Prabhat Bhattarai

**REGIONAL COORDINATOR**

Gokul Shrestha
(North East)

Lila Devi Ojha
(DC-Metro)

Sujan Pandit
(Central)

Shiva Nepal
(West)

Gokarna Lamichhane
(Canada)

**EXECUTIVE MEMBER**

Gokul Dhakal
Babu Ram Dahal
Anil Adhikari
Gyan Prasad Sharma
Pratima Banskota
Lokmani Rai


नेपाल अमेरिका पत्रकार संघ (नेजा) कार्यसमितिको १९औं बैठक अगस्ट १४, २०२२ मा संघका अध्यक्ष श्री विकासराज न्यौपानेको अध्यक्षतामा बस्यो । बैठकले देहायबमोजिमका प्रस्तावमा छलफल गरी देहायबमोजिमका निर्णय गर्यो ।

उपस्थितिः

१. विकासराज न्यौपाने -अध्यक्ष
२. मच्छेदेवी गुरुङ - उपाध्यक्ष
३. सुरज भण्डारी - महासचिव
४. प्रभात भट्टराई - कोषाध्यक्ष
५. शिव नेपाल - क्षेत्रीय संयोजक (पश्चिम)
६. सुजन पण्डित - क्षेत्रीय संयोजक (मध्य)
७. गोकुल श्रेष्ठ - क्षेत्रीय संयोजक (उत्तर पूर्ण)
८. बाबुराम दाहाल - कार्यसमिति सदस्य
९. अनिल अधिकारी - कार्यसमिति सदस्य
१०. लोकमणि राई - कार्यसमिति सदस्य

प्रस्तावहरूः

१. १५औं साधारण सभाको समीक्षा सम्बन्धमा ।
२. धन्यवाद प्रस्ताव सम्बन्धमा ।
३. अख्तियारी सम्बन्धमा ।
४. जिम्मेवारी सम्बन्धमा ।
५. विविध ।

निर्णयहरूः

१. प्रस्ताव नम्बर १ उपर छलफल गरी जुलाई २३ र २४, २०२२ मा भएको संघको १५औं साधारण सभाको समीक्षा गर्दै सभा सफल ढंगले सम्पन्न भएको ठहर गरियो ।
२. प्रस्ताव नम्बर २ उपर छलफल गरी संघको १५औं साधारण सभा सम्पन्न गर्नका लागि संयोजकको भूमिका वहन गर्नुभएका संघका पश्चिम क्षेत्रीय संयोजक श्री शिव नेपालसहित मूल व्यवस्थापन तथा अन्य उपसमितिहरूमा रहनुभएका सबै व्यक्तित्वहरूलाई धन्यवाद ज्ञापन गरियो । साथै, संघको विधान उपसमितिमा रहनुभएका श्री गिरिश पोखरेल (संयोजक), श्री कल्पना घिमिरे (सदस्य), श्री सुजन पण्डित (सदस्य), श्री गोकुल श्रेष्ठ (सदस्य), श्री प्रतिमा बाँस्कोटा (सदस्य), श्री मधुकर अधिकारी (सदस्य) र रामचन्द्र भट्ट (सदस्य) तथा आचारसंहिता निर्माण उपसमितिमा

# NEPAL AMERICA JOURNALISTS' ASSOCIATION
# NEAJA, USA
**ESTD. 2007**


**EXECUTIVE COMMITTEE**

**PRESIDENT**
Bikash Raj Neupane

**IMMEDIATE PAST PRESIDENT**
Sudip Panta

**VICE-PRESIDENT**
Machchhe Devi Gurung

**GENERAL SECRETARY**
Suraj Bhandari

**SECRETARY**
Kalpana Ghimire

**TREASURER**
Prabhat Bhattarai

**REGIONAL COORDINATOR**

Gokul Shrestha
(North East)

Lila Devi Ojha
(DC-Metro)

Sujan Pandit
(Central)

Shiva Nepal
(West)

Gokarna Lamichhane
(Canada)

**EXECUTIVE MEMBER**

Gokul Dhakal
Babu Ram Dahal
Anil Adhikari
Gyan Prasad Sharma
Pratima Banskota
Lokmani Rai


रहनुभएका श्री रामेश्वर भण्डारी (संयोजक), श्री शतीस चापागाईं (सदस्य) र श्री बिमल बराल (सदस्य) तथा प्रकाशन उपसमितिमा रहनुभएका श्री बाबुराम दाहाल (संयोजक), श्री लेखनाथ भण्डारी (सदस्य), श्री रामचन्द्र भट्ट (सदस्य), श्री प्रतिमा बाँस्कोटा (सदस्य), श्री लेखनाथ गौतम (सदस्य), श्री राजु आचार्य (सदस्य) र श्री सुपेन्द्र बस्नेत (सदस्य) एवं पुरस्कार तथा सम्मान मूल्याङ्कन तथा सिफारिस उपसमितिमा रहनुभएका श्री नारायण श्रेष्ठ (संयोजक), श्री दिनेश कार्की (सदस्य) र श्री बिटु केसी (सदस्य) लाई धन्यवाद दिइयो। यस्तै, संघका संस्थापक अध्यक्ष श्री गिरिश पोखरेलले संघद्वारा नेपालमा स्थापना गरिने अक्षयकोषमा १ हजार ५ सय अमेरिकी डलर सहयोग गर्नुभएकोमा धन्यवाद ज्ञापन गरियो।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गरी संघको साधारण सभाबाट नेपालमा वितरण हुँदै आएको पुरस्कार तथा भविश्यमा समेत अन्य पुरस्कार वितरण गर्नका लागि सहज होस् भनी अक्षयकोष बनाउने भनी गरेको निर्णय कार्यान्वयनका लागि अक्षयकोषसँग सम्बन्धित नेपालमा कार्य गर्ने अख्तियारी अध्यक्ष श्री विकासराज न्यौपानेलाई दिने निर्णय गरियो।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गरी संघका अध्यक्ष श्री विकासराज न्यौपानेले नेपाल जानुपर्ने भएकाले अमेरिका नफर्किंदासम्मका लागि उपाध्यक्ष श्री मच्छेदेवी गुरुङलाई कार्यबाहक अध्यक्षको जिम्मेवारी दिने गरेको प्रस्तावलाई स्वीकृति दिइयो।

५. विविधअन्तर्गत संघले आगामी दिनमा गर्ने विभिन्न कार्यक्रमका बारेमा छलफल गरियो।

भवदीय,

..............................

सुरज भण्डारी
महासचिव